सम्पर्क नं.-९८५७६४८६१०

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०८१/०८२

मितिः२०८१/०५/२६

## सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना ।।।

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/२६)**

यस रघुगंगा गाउँपालिका अन्तर्गत महेन्द्र राखु आयुर्वेद औषधालयमा तपसिल बमोजिमका रिक्त पदमा सेवा करारमा कर्मचारी पदपूर्ती गर्नुपर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित यस गाउँपालिकाको नाममा प्रभु बैङ्क लिमिटेड, रघुगंगा शाखामा रहेको आन्तरिक राजश्व खाताको खाता नं. १६३०११००२३०००१२८ मा तोकिएको राजश्व दाखिला गरी राजश्व दाखिला गरेको सक्कल रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**माग गरिएको पद :**

| क्र.सं. | विज्ञापन नं. | पद/तह/श्रेणी | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १ | आयुर्वेद २०८१/०८२-३ | वैद्य/ सहायक चौथो | १ | ६००।- |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट AAHW (वैद्य) कोर्ष उत्तिर्ण गरी नेपाल आयुर्वेद चिकित्सा परिषद् मा दर्ता भएको ।

२. **उमेर :** कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, अपाङ्ग र महिलाको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

३. **दरखास्त दिने स्थान :** रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मौवाफाँट, म्याग्दी ।

४. **दरखास्त दिने अन्तिम मिति :** २०८१/०६/०९ गते कार्यालय समय भित्र ।

५. **आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु :-**

आवेदक स्वयले प्रमाणित गरेका देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु दरखास्त फारम साथ पेश गर्नुपर्ने छ ।

- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,
- शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपी,
- नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,
- सम्बन्धित पदमा काम गरेको भएमा अनुभव खुल्ने कागजात,
- २ प्रति पासपोर्ट साइजको फोटो,

६. **सेवा सुविधा :** रघुगंगा गाउँपालिकाको नियमानुसार करार सम्झौता पत्रमा उल्लेख भए अनुसार उपलब्ध हुनेछ ।

७. **सम्पादन गर्नुपर्ने कार्य विवरण :** सम्बन्धित सेवा, समूह सम्बन्धी ।

८. **छनौटको किसिम :** रघुगंगा गाउँपालिकाको **"करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५"** अनुसार ।

९. **काम गर्नुपर्ने स्थान :** महेन्द्र राखु आयुर्वेद औषधालय, रघुगंगा गाउँपालिका-०२, भगवती, म्याग्दी ।

१०. **परीक्षको किसिम :** लिखित र अन्तर्वार्ता ।

(चेतनारायण भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

**नोट :** आवेदनको ढाँचा, रघुगंगा गाउँपालिकाको "करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५" लगायत अन्य जानकारी www.raghugangamun.gov.np मा उपलब्ध छ ।

थप जानकारीका लागि ९८५७६४८६१०, ९८५७६२४४४९ मा सम्पर्क गर्न सकिनेछ ।